# कांक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








वर्ष : २५ | अंक : २६२ | शनिवार, २० असार, २०८३ | Saturday, 4 July 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


## प्रमुख निर्वाचन आयुक्तमा कार्की सिफारिस



कांक्रेविहार संवाददाता

काठमाडौं, १९ असार

संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त पदमा मानबहादुर कार्की (मोरङ)लाई नियुक्तिका लागि सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा शुक्रबार बसेको परिषद्को बैठकले प्रमुख निर्वाचन आयुक्तका कार्कीको नाम सिफारिस गर्ने निर्णय गरेको हो।

बैठकले रिक्त निर्वाचन आयुक्तमा डा राजीव सुब्बा (काठमाडौं) र यही असार २३ गतेदेखि रिक्त हुने निर्वाचन आयुक्त पदमा गुरुप्रसाद वाग्ले (ओखलढुङ्गा)को नाम नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको परिषद्का सदस्य एवं प्रतिनिधिसभाका उपसभामुख रुवीकुमारीले जानकारी दिइन्।

संवैधानिक परिषद्ले प्रमुख निर्वाचन आयुक्त तथा निर्वाचन आयुक्तसहित विभिन्न संवैधानिक निकायका रिक्त पदमा योग्य व्यक्तिको नाम सिफारिस गर्ने संवैधानिक व्यवस्था छ।

### महालेखाको प्रतिवेदन

# जगदुल्ला र नलगाड जलविद्युत आयोजनाको पारदर्शितामाथि प्रश्न

*प्रतिवेदनअनुसार जगदुल्ला आयोजनाको सम्पत्ति र लगानी बढे पनि आम्दानी र नाफा उल्लेख्य रूपमा घटेको छ। यता नलगाड जलविद्युत् आयोजनाको वित्तीय विवरण विश्वसनीय नभएको भन्दै स्वतन्त्र लेखापरीक्षकले कुनै राय नै दिन अस्वीकार गरेका छन्।*

कांक्रेविहार संवाददाता

सुर्खेत, १९ असार

कर्णाली प्रदेशका दुई महत्वाकांक्षी जलविद्युत् आयोजना १ सय ६ मेगावाटको जगदुल्ला र ४ सय १० मेगावाटको नलगाड जलविद्युत् आयोजना महालेखा परीक्षकको ६२ औं वार्षिक प्रतिवेदनमा गम्भीर प्रश्नको घेरामा परेका छन्। प्रतिवेदनले आयोजना व्यवस्थापन, वित्तीय अनुशासन, ठेक्का प्रशासन र लेखा प्रणालीमा देखिएका कमजोरी औंल्याउँदै तत्काल सुधार आवश्यक रहेको निष्कर्ष निकालेको हो।

महालेखाको प्रतिवेदनअनुसार डोल्पामा निर्माणाधीन जगदुल्ला जलविद्युत् आयोजनाको सम्पत्ति र लगानी बढ्दै गएको भए पनि वित्तीय आम्दानी र नाफा भने उल्लेख्य रूपमा घटेको छ। आर्थिक वर्ष २०८०/०८१ को अन्त्यसम्म कम्पनीको चुक्ता पूँजी एक अर्ब २७ करोड १३ लाख रुपैयाँ पुगेको छ भने कुल सम्पत्ति एक अर्ब ३१ करोड १५ लाख रुपैयाँ पुगेको उल्लेख छ। निर्माणाधीन आयोजनामा पहुँचमार्ग, पुल, कार्यालय भवन, विस्तृत इन्जिनियरिङ अध्ययन, सुपरिवेक्षण तथा ऋणको ब्याजलगायत शीर्षकमा मात्रै ३६ करोड रुपैयाँभन्दा बढी खर्च भएको छ। लगानी बढ्दै गए पनि कम्पनीको वित्तीय आम्दानी भने तीव्र रूपमा घटेको महालेखाले जनाएको छ। अघिल्लो वर्ष दुई करोड ८० लाख रुपैयाँ रहेको आम्दानी समीक्षा अवधिमा ६२ लाख रुपैयाँ मा सीमित भएको छ। यसको प्रत्यक्ष असर कम्पनीको नाफामा परेको छ। अघिल्लो वर्ष एक करोड ६२ लाख रुपैयाँ रहेको खुद नाफा घटेर पाँच लाख ५४ हजार रुपैयाँ मात्रै कायम भएको प्रतिवेदनमा उल्लेख छ।



### अनियमितताको प्रमाण छैन, तर सुधार अपरिहार्य

महालेखाले दुवै आयोजनामा सञ्चालक वा कर्मचारीबाट रकम हिनामिना, ठगी वा जानाजानी कानुनविपरीत कार्य भएको प्रमाण भने फेला नपरेको स्पष्ट पारेको छ। तर आयोजना व्यवस्थापन, ठेक्का प्रशासन, लेखा प्रणाली र वित्तीय अनुशासनमा देखिएका कमजोरीका कारण सार्वजनिक लगानीको प्रभावकारितामाथि प्रश्न उठेको उल्लेख गरेको छ। प्रतिवेदनले निर्माणमा भइरहेको ढिलाइ अन्त्य गर्न, सम्झौताअनुसार क्षतिपूर्ति असुल गर्न, नेपाल वित्तीय प्रतिवेदन मापदण्ड पूर्ण रूपमा लागू गर्न तथा सार्वजनिक स्रोत-साधनको प्रभावकारी उपयोग सुनिश्चित गर्न सम्बन्धित निकायले तत्काल सुधारका कदम चाल्नुपर्ने आवश्यकता औंल्याएको छ।

स्वतन्त्र लेखापरीक्षकले जगदुल्लाको वित्तीय विवरण समग्रमा विश्वसनीय रहेको राय दिए पनि जलविद्युत् आयोजनामा लागू हुने आईएफआरआईसी-१२ सम्बन्धी लेखा व्यवस्था लागू नगरिएको विषयलाई गम्भीर कमजोरीका रूपमा औंल्याएका छन्। यद्यपि कम्पनीका सञ्चालक तथा पदाधिकारीबाट कानुनविपरीत कार्य, हिनामिना वा अनियमितता भएको प्रमाण भने फेला नपरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। महालेखाको प्रतिवेदनले नलगाड जलविद्युत् आयोजनाको अवस्था अझ जटिल रहेको देखाएको छ। स्वतन्त्र लेखापरीक्षकले कम्पनीको वित्तीय विवरणबारे कुनै राय नै दिन अस्वीकार गरेका छन्। लेखापरीक्षणका लागि आवश्यक र पर्याप्त प्रमाण उपलब्ध नभएकाले कम्पनीको वास्तविक वित्तीय अवस्थाबारे निष्कर्ष निकाल्न नसकिएको प्रतिवेदनमा उल्लेख छ। महालेखाका अनुसार कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मापदण्ड लागू गरेको दाबी गरे पनि रकम वर्गीकरण, लेखांकन नीति, वित्तीय विवरण र आवश्यक खुलासामा उल्लेख्य कमजोरी देखिएको छ। प्रतिवेदनले नलगाड आयोजनाको विस्तृत डिजाइन, आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्यांकन कार्य समयमै सम्पन्न हुन नसकेको जनाएको छ। ३० महिनाभित्र सम्पन्न गर्ने गरी गरिएको परामर्श सम्झौता नौ पटकसम्म म्याद थप्दा पनि काम पूरा हुन सकेको छैन। यस्तै, जलविद्युत् केन्द्रसम्म पुग्ने पहुँचमार्ग निर्माणको ठेक्का पनि सातौं पटकसम्म म्याद थपिएको छ। २०७३ सालमै सम्पन्न हुनुपर्ने काम २०८२ सालसम्म लम्बिँदा पनि पूरा नभएकाले महालेखाले सम्झौताअनुसार कानुनी कारबाही गर्न सुझाव दिएको छ।

सम्झौताअनुसार समयमै काम सम्पन्न नगरेका निर्माण व्यवसायीबाट करिब ११ करोड १३ लाख रुपैयाँ पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था रहेकाले उक्त रकम असुल गरी आयोजनालाई कार्यतालिकाअनुसार अघि बढाउन महालेखाले निर्देशन दिएको छ।

# सुशासन र नागरिक सेवाका हिसाबले सरकारका सय दिन सफल : रवि



कांक्रेविहार संवाददाता

काठमाडौं, १९ असार

सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारको सय दिन सुशासन र नागरिक सेवाका हिसाबले सफल रहेको दाबी गरेका छन्। सरकार गठनको सय दिन पूरा हुन लागेको सन्दर्भमा सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै सभापति लामिछानेले यो अवधिमा सरकारले नागरिकसँग प्रत्यक्ष जोडिएका विषय र सुशासनमा बढी जोड दिएको बताएका हुन्। सभापति लामिछानेले सरकारको ध्यान तुलनात्मक रूपमा सुशासनका मुद्दाहरूमा बढी केन्द्रित भएको उल्लेख गर्दै अहिलेको प्राथमिकता पनि यही नै रहेको स्पष्ट पारेका छन्। आम नागरिकले सेवा प्राप्त गर्ने निकायहरूलाई झन्झटरहित बनाउन, डिजिटल प्रविधिको प्रयोग बढाउन र होम डेलिभरी सेवाको सुरुवात गर्न सरकार लागिपरेको भन्दै उनले यसलाई सुखद सुरुआतको रूपमा चित्रण गरे। विकास निर्माण र दूरगामी महत्वका विषयहरूको प्रभाव तत्काल नदेखिए पनि भोलिका दिनमा त्यसको नतिजा आउने उनको भनाइ छ। विशेष गरी पूर्वाधार क्षेत्रमा तीन वर्षको प्याकेज बनाएर काम सुरु गरिएको जानकारी दिँदै उनले यसको पूर्ण नतिजा आउन केही समय लाग्ने पनि तत्काल देखिने कामहरू पनि निरन्तर भइरहेको दाबी गरे।

सरकारको यो अवधिको कामलाई सञ्चारकर्मी, नागरिक समाजका अगुवा र विश्लेषकहरूले नजिकबाट नियालिरहेको उल्लेख गर्दै लामिछानेले सय दिन पूरा भएपछि आउने रचनात्मक प्रतिक्रिया र आलोचनाको अध्ययन गरिने बताए। नागरिक समाज र सञ्चार माध्यमले औंल्याएका कमी-कमजोरीहरूलाई सरकारले सुझावका रूपमा ग्रहण गर्ने र आगामी दिनमा अझ परिपक्व ढङ्गले अगाडि बढ्ने उनले प्रतिबद्धता जनाए।

समग्रमा नागरिकका समस्या सम्बोधन गर्ने र सुशासनको जग बसाल्ने सवालमा सरकारको सुरुवाती सय दिन सफल रहेको निष्कर्ष निकाल्दै उनले थप समीक्षा भने बाहिर आउने प्रतिक्रियाहरू हेरेपछि गरिने बताएका छन्।

# 'शिक्षामा राजनीति होइन, दलीयकरण भयो'

कांक्रेविहार संवाददाता

काठमाडौं, १९ असार

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले शिक्षा क्षेत्रको सुधारका लागि विद्यालयलाई दलगत प्रभावबाट मुक्त गर्न जरुरी रहेको बताएका छन्। शुक्रबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्।

शिक्षा क्षेत्रमा विद्यमान राजनीतिकरण र दलीयकरण नै शिक्षा क्षेत्रको सुधार नहुनुको प्रमुख कारण भएको उनको भनाइ छ। विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षक नियुक्तिसम्म दलगत आधारमा हुने प्रवृत्तिले मुलुकको शिक्षा प्रणाली धराशायी भएको उनले दाबी गरे। यद्यपि शिक्षा आफैँमा राजनीतिक मुद्दा भएकाले समुन्नत नेपाल



निर्माणका लागि शिक्षा क्षेत्रले खेल्नसक्ने भूमिकाबारे गम्भीर बहस आवश्यक रहेको उनले स्पष्ट पारे।

कार्यक्रममा आफ्नो धारणा राख्दै उनले भने, 'शिक्षामा राजनीति भयो भनिन्छ। शिक्षामा राजनीति भएन भन्छु म। शिक्षामा दलीयकरण भयो। हामीलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पनि आफ्नै मान्छे चाहियो, प्रधानाध्यापक पनि आफ्नै मान्छे चाहियो। हामीले गाउँतिर गएर फलानो विद्यालयको अवस्था कस्तो छ? भनेर सोध्यो भने त्यो विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष, शिक्षक हाम्रै मान्छे हो भन्ने गरेको सुन्छु। शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हाम्रै मान्छे हो भन्ने तरिकाबाट हामी बाहिर निस्कनुपर्‍यो। त्यो राजनीति होइन, त्यो दलीयकरण हो। शिक्षामा दलीयकरणले सबैभन्दा ठूलो समस्या लिएर आयो। दलीयकरणबाट शिक्षालाई बाहिर निकाल्नुपर्‍यो। तर शिक्षा राजनीतिक इस्यू हो। हामीले समुन्नत नेपालको सपना देखेका छौं, शिक्षा क्षेत्रले मुलुकलाई समुन्नत बनाउनको लागि कहाँनिर योगदान दिनसक्छ? त्यो लक्ष्य र उद्देश्यको छलफल यहाँ गर्नुपर्छ।' मुलुकको समृद्धि र विकासमा शिक्षा क्षेत्रले खेल्नसक्ने भूमिका र योगदानबारे राजनीतिक वृत्तमा पर्याप्त बहस हुनु आवश्यक रहेको उनले बताए। सरकारले हतारमा परीक्षाफल प्रकाशित गर्ने र छिटो परीक्षाफल प्रकाशित हुनुलाई नै ठूलो उपलब्धि ठान्ने सोचले गर्दा हजारौं विद्यार्थी समस्यामा परेको समेत उनले उल्लेख गरे। उनले कक्षा १० र १२ को परीक्षाफलको सन्दर्भमा देखिएका समस्याबारे संसदमार्फत सरकारको ध्यानाकर्षण गराउने समेत जानकारी दिए।

# शनिवार

कथा

# भोज र भ्रम



✍ विश्वम्भर चञ्चल

उनीहरूले भव्य भोजको आयोजना गरे । तर प्रश्न उठ्यो- क-कसलाई मात्र भोजमा आमन्त्रण गर्ने ? कसैले भने, "हामी मांसाहारी हौँ । मांसाहारीहरूलाई मात्र भोजमा आमन्त्रण गरिनुपर्छ ।" अरूले भने, "शाकाहारीलाई पनि आमन्त्रण गरिनुपर्छ । उनीहरू पनि हाम्रै दाजु-भाइ र बन्धु-बान्धब हुन् । हामीले आफ्नै दाजु-भाइ र बन्धु-बान्धबलाई छुटाएर यो भोज गर्दा हामीलाई गाल पर्छ । अरूको दृष्टिमा हामी तल पर्छौं ।" "हो ! हो ! मलाई त लाग्छ विदेशी पाहुनाहरूलाई पनि बोलाएर यो भोज गर्दा झन् जम्ला । भोजको कारणबाट विदेशीहरूले पनि हाम्रो सौहार्द्रता र आत्मीयताको परिचय पाउलान्," कसैले थपे, "अन्तर ाष्ट्रिय जगतमा शुद्ध हाम्रो परिचय र संस्कृतिको ज्ञान बढ्नेछ । हाम्रो फैलिएको बदनामीलाई यस भोजको माध्यमद्वारा हामीले सच्याउने मौका पाउनेछौँ । यस भोजलाई यस्तै अवसरको रूपमा हामीले प्रयोग गर्न सक्नुपर्छ आफ्नो रणनीतिकै लागि भए पनि । हामीले धमिलो पानीमा माछा मार्न जान्नेहरूलाई परास्त गर्न सक्ने वातावरणको सिर्जना गर्न सक्नु नै यस बखतको हाम्रो बुद्धीमानी हो ।"

"हुन्न, हुन्न । विदेशीहरूलाई त यो भोजमा बोलाउनै हुन्न । आफ्नो जातीय समुदायको भोजमा किन बोलाउने हँ हामीले उनीहरूलाई ? के भोज भन्दैमा जसले जसलाई पनि बोलाउने हो र ?" कसैले तर्क निकाले, "फेरि अर्कोतिर, के आफ्नै बेइज्जत गर्नु छ र उनीहरूलाई बोलाएर ? एक त हामी उनीहरूको सम्मान पुर्याउनै सक्दैनौँ र ल भैगो, यदि केही गरी सम्मान पुगिहालेछ भने पनि हामी-हामीमै झगडा र मारकाट नहोला भन्ने के ठेगान ? भोज न हो ! के खाइएला, के नखाइला । खाँदाखाँदै उनीहरूको पनि अनेक माग बढ्ला । यसलाई 'यो न खा' भन्न पनि भएन र उसलाई 'त्यो न खा' भन्न पनि मिलेन । अर्कोतिर, उनीहरूले भने-भनेको कुरा हामीले पुर्याउन सक्ने पनि होइन ।"

"के त्यसो भनेर मात्र विदेशी पाहुनालाई यस भोजमा आमन्त्रण नगरिनु राम्रो होला र ? यस भोजलाई त हामीले प्रीतिभोजको रूपमा मात्र लिएका न हौँ.... !" फेरि अर्कोले अर्कै तर्क निकाल्यो, "हामीले यसलाई प्रीतिभोजको रूप दिन्छौँ र हामी-हामीबीच बिग्रिएको सम्बन्धलाई सुधार गरेर आपसी सद्भाव र शान्ति कायम गर्न खोज्छौँ भने विदेशीलाई आमन्त्रण गरेर के बिग्रने हो र ? हामी अझै पनि फुटिसकेका रहेनछौँ भनेर अन्तर्राष्ट्रिय जगतमा पनि राम्रै सन्देश दिन्छ र होइन र यस भोजको माध्यमले... ? हाम्रो सम्बन्ध सुधार्ने सम्बन्धमा उनीहरूले पनि केही कुराको सल्लाह दिएमा अझ त्यो पनि राम्रो.... !"

"अँ... चाहिँदैन कसैको राम्रो-साम्रो," हातको इशाराले सबैलाई चूप लगाएर हाइकमान्ड बोल्यो, "हामी आफ्नो समस्या आफैँ सुल्झाउन सक्छौँ । हामी आफैँ समर्थवान् छौँ यसमा ।"

कुरो टुङ्गियो- विदेशीलाई नबोलाउने । तर पुनः कुरा कहाँ गएर अड्कियो भने मांसाहारी, शाकाहारी दुवै थरीलाई भोजको परिकार भने एकै प्रकार राख्ने । एउटाले शङ्का निकाल्यो, "त्यसरी एकै परिकार एकै ठाउँमा राख्दा शाकाहारीले खान मान्लान् र ? भोजको निमन्त्रणा पनि गर्ने र फेरि 'खाए खावोस्, नखाए घिचोस्' जस्तो गरी उनीहरूले खानै नमान्ने परिकार खाऊन् भनेर उनीहरूको भागमा पस्कन त मिलेन नि !"

"यो यस्तै हुन्छ भोजमा । यो भोज हो भाइ, भोज," अर्कोले कुरा थप्यो, "भोजमा क-कसले के-के खान्छन् व्यक्तिगत इच्छाको भरमा परिकार त राख्न सकिन्न नि ! हाम्रो बोलाउने काम हो, उनीहरूको आउने काम हो । आउँछन्, जान्छन् । खान्छन्, खाँदैनन् वास्ता राखेर हिँड्न सकिने विषय होइन यो ।"

"ठाउँ त राम्रै चाहिएला," एउटाले भन्यो । अर्कोले थप्यो, "यत्रो भोज गर्नु छ झन्डै अन्तर्राष्ट्रियस्तरको । ठाउँको विशेषता पनि बुझ्नुपर्यो नि हामीले ।"

"हो निश्चय हो !" उपस्थित सबैले समर्थन गरे । त्यसैले ठाउँको निर्णय भयो "लर्ड बुद्धज प्लेस' जहाँबाट वरिपरिका सुन्दर हिमाल तथा पहाडहरूको दृश्य झल्किन्थ्यो । पानीका छहराहरूको छङ... छङ... र नदीहरूको कलकल सुनिन्थ्यो । जङ्गलको शीतलताको अनुभव हुन्थ्यो । हेर्दैमा कति मनमोहक थियो त्यो स्थान ! विदेशी पाहुनाहरू आएका बखतमा शुद्ध संसारको राम्रो ठाउँ भनेर प्रसिध्दि कमाएको ठाउँ थियो त्यो ।

छलफलअनुसारकै ठाउँ र समय मिलाएर निमन्त्रणा कार्ड छापियो, बाँडियो । आयोजनास्थलमा भव्य पाल हालियो । भित्र र बाहिर सिँगारपटार गरियो । ध्वजापताका सजाइए । बत्ती झकिझकाउ बालियो । मानिसअनुसार बस्ने ठाउँ र स्वागतार्थ खटिनेहरूको सूची तयार पारियो । उपयुक्त दिन र समयमा कुन पहाड, कुन जङ्गल, कुन मैदान, कुन शहर जताततैबाट पाहुनाहरूको हूल ओइरिन थाल्यो । सबका अनुहारमा खुशीका रेखाहरू कोरिए । सबको सबमा भेटघाट हुने अवसर थियो त्यो । धेरै कालदेखि छुटेका आफ्ना बाबु-छोरा, आमा-छोरा, लोग्ने-स्वास्नी, दाजु- भाइ र इष्ट-मित्र तथा बन्धु-बान्धवहरूको पुनर्मिलनको संयोग पनि भयो । कसैले गला मिलाए । कसैले गालामा गाला जोडे । कसैले हात मिलाए । कसैले छाती जुधाए । कसैले अँगालो मारे त अझ कसैले कसैलाई बोकेर काधँ-काँधमै हालेर घुमाए पनि । एकले अर्कोलाई शहरभरि अबीर हालेर रातम्मे पारिदिए मानौँ त्यो घडी नै मांसाहारीहरूका लागि एउटा विजयको घडी थियो । सबैतिर स्वागतको ताली बज्यो । हाहाहूहूको रमाइलोको वातावरणको श्रृष्टि भयो ।

"वा ! क्या रमाइलो हुने भयो अब !" मानिसहरूले अन्दाज काटे, "धेरैमा यस्तो खुशीको खबर आयो हाम्रो बीचमा ।"

"अब सधैँभरिका लागि यस्तै खुशीका दिन आए त हुने हो... !" मानिसहरूमा आशा पल्हायो । अझ कसैले त आँखाबाट आँशुका भेल बगाउँदै यो पनि पुकारा गरे कि "हे भगवान् ! अब हाम्रा छोरा-छोरीको कुबुद्धीको अन्त्य होओस् र सदाचार र सद्ज्ञान पलाओस् यिनीहरूमा ! आजसम्मका आफ्ना सबै नराम्रा कार्यहरूलाई छोडेर शान्तिसँग आफू-आफू मिलेर बसून् सधैं-सँधैंभरि... ।"

अब त्यहाँ शुरु भयो खानपिन र हँसी-मजाकको वातावरण । यसै बखत कसैले भनेको सुनियो, "खोइ शाकाहारी समूह त अहिलेसम्म आएनन् नि कोही पनि ? किन नआएका होलान् ती ?"

"आउँदै होलान् नि सबै एकै चोटि मिलेर," कसैले व्यङ्ग मारे, "हामी त मांसाहारी न पर्यौं ! सके डराए कि हामी उनीहरूलाई पनि खाइदिन्छौँ कि भनेर...।" एउटा ठूलो हाँसोको लहर चल्यो त्यहाँ । कसैले सुनाए, "उनीहरू पशु त होइनन् नि हामी उनीहरूलाई नै मारेर र काटेर खाइहाल्ने !"

यसैबीच समूहको बीचबाट कुनै एकले औँल्याउँदै करायो, "उः आए ! आए ! एउटा ठूलै हूल आएजस्तो छ- मानव हूल, नागरिक हूल, शान्ति हूल, विकास हूल, धर्म र सम्प्रदाय हूल आदि के-के नाम गरेका हूल हुन् के-के ।" "ए हेर ! हेर !" फेरि अर्कोले आश्चर्य प्रकट गर्यो, "उनीहरूको साथमा त एक हूल पशुहरू पनि ल्याएका जस्ता छन् नि !" "हो ! हो ! पशुहरू नै हुन् भाइ !" अरूहरूले पनि यकिन जनाए । आखिर शाकाहारीका ती सबै खाले हूलहरूसँगै पशुहरूको हूल पनि आइपुग्यो । जब ती आइपुगे मांसाहारी र शाकाहारीहरूको हूल आ-आफ्नो हिसाबले भेटघाट र आपसी भलाकुसारीमा समय बिताउन लागे । साथमा आएका पशुहरूचाहिँ पुच्छर हल्लाउँदै कान ठाडा पार्दै 'ब्याँब्या' र 'म्याँम्याँ' गर्दै यताउति लरखरिए । विभिन्न खाले पशुहरू थिए ती- खसी, बोका, च्याङ्ग्रा, भेडा, बरुवाल, राँगो, भैँसी सब किसिमका... । भोजका आयोजकहरूले सोधे, "होइन के गरेको यो ? के गाईजात्रा देखाएको यहाँ ? । यी पशुहरू किन यहाँ ? अब हाम्रो भोजको रस-रङ्ग नै बिग्रिने भयो यिनीहरूले गर्दा ।"

"होइन, यी पशुहरूमाथि ज्यादै अन्याय भयो । यिनीहरूले ठूलो कष्ट र पीडा भोग्नुपर्यो हाम्रै कारणले । भन्छन्- उनीहरूको पनि जनताजस्तै भएर, नागरिकजस्तै भएर र मानिसजस्तै भएर बाँच्ने अधिकार छ । उनीहरूले पनि आ-आफ्नो मिहेनत र भाग्यअनुसारको गरी खाएर सुखपूर्वक बस्न पाउनुपर्छ । भन्छन्- यिनीहरूले के बिराए र यिनीहरूमाथि यो अन्याय र अत्याचार हुँदै छ ? यसैले अघिपछि यिनीहरूले तपाईंहरूलाई भेटेर आफ्ना मनका बह पोख्न नपाउने भएकाले हाम्रो मदत मागेर आज यस भोजमा उपस्थित भएका हुन् । यिनीहरू न यहाँ खान आएका हुन्, न त त्यति ठूलो कुरा माग्न नै ? यी त आ-आफ्ना साधारण जीवन बिताउन चाहन्छन् । आ-आफ्ना अधिकार चाहन्छन् । खास त भनुँ भने यिनीहरू शान्ति चाहन्छन् आफ्नै देशका अरू जनता, नागरिक वा मानिसहरूसरह भएर बाँच्न चाहन्छन् । यिनीहरू पनि आ-आफ्नै भाषाले बोल्न, बुझ्न र सम्झिन चाहन्छन् । सचेत छन् यिनीहरू हरेका कुरामा र आफ्ना मनका चाहना, इच्छा र आकाङ्क्षाहरूलाई व्यक्त गर्न पनि सक्छन् । पूरा नभए त्यसको विरोध गर्न पनि जान्दछन्... ।"

हूलको बीचबाट कसैले अट्टहास गरी हाँस्यो । सबैले ऊतिर हेरे । एउटाले इशारा गर्यो, "किन हाँस्यौ यसरी ?" भन्यो त्यही हाँस्नेले शाकाहारीतिर देखाएर, "उनीहरूका कुरा सुनेर... ।"

"के कुरा सुनेर हाँस्नु भो तपाईं यस्तरी ?" शाकाहारीमध्ये फेरि कसैले प्रश्न राख्यो । जवाफ दियो उसले, "पशुहरूले पनि विरोध गर्ने कुरा सुनेर... जब कि हाम्रो यस राजमा हाम्रो आदेशबिना मानिसले त केही बोल्न र गर्न नै आँट गर्न सक्दैन भने पशुहरूले विरोध गर्ने रे..., हा....हा....हा....हा...।"

यसरी उसले अट्टहास गरेको देखेर उसका समूहका अरू-अरूले पनि त्यसै गरी अट्टहास भरे मानौँ सिनमाका 'भिलेन' समूहको हाँसोजस्तै गरी धेरैबेरसम्म गुञ्जिरह्यो त्यस दुष्ट हाँसोको लहर त्यस भोजको पालभित्र ।

यस प्रकारको उनीहरूको दुष्ट हाँसोलाई खप्न नसकेर शाकाहारीमध्ये एउटाले बोल्यो, "नहाँस्नोस्, बुझ्नुभो यसरी ? आज पशु-पंक्षीको रक्षाको लागि त विश्वमा अभियान नै चलिसकेको छ भने यिनीहरू त यस देशका बासिन्दा हुन्- पशु- बासिन्दा । यिनीहरूको बोलीचाली र बानी-व्यवहार सबै पशुहरूको जस्तै भए पनि अनुहार त हामी मानिसको जस्तै छ नि, हेर्नुहोस् त ! फेरि हामी सबैको एउटै मालिक पशुपतिनाथ पनि त छन् नि यस पशुपतिलोकमा सबैको रक्षा गर्न बसेका । यहाँ जति तपाईं-हामी मान्छे भन्ने जातिलाई बाँच्ने अधिकार छ यिनीहरूलाई पनि त्यत्ति नै अधिकार छ । तपाईं हामीले जे-जति सुख-सुविधा भोग गरिरहेका छौँ, उनीहरूलाई पनि हामीले त्यो सुख-सुविधा प्रदान गर्न सक्नुपर्छ । यिनीहरूको भर हामीलाई, हाम्रो भर यिनीहरूलाई...," उसले इतिहास बतायो, "पहिले-पहिले यिनीहरू पनि तपाईं-हामीजस्तै मानिस थिए । यिनका पूर्खा पनि यसै देशमा जन्मेका जन्मजात नागरिक थिए । हाम्रो जस्तै अधिकारको भोग गर्थे यही पुण्ड्य भूमिमा । रहँदा-बस्दा समयले कोल्टे फेर्यो । समय परिवर्तन हुँदै गयो र प्रकृति पनि बदलियो । वानरबाट हामी मानिसमा परिणित भएजस्तै उल्टो यिनीहरूका पिता-पुर्खा मानिसै भए तापनि यिनीहरूचाहिँ मानिसबाट पशु बने । तपाईं-हामीले नै यिनीहरूलाई पशु बनायौँ । यिनीहरूको मानिस भएर बाँच्ने हक र अधिकार छिनिदियौँ र पशुको रूपमा व्यवहार गर्न थाल्यौँ । अझ तपाईंहरूले त तपाईंहरूसँग भएको हतियारको भरले, शक्तिका उन्मादले र जङ्गली कानूनका बलले यिनीहरूलाई पशुलाई नै जस्तो गरी बलि चढाएर यिनीहरूको नृशंश हत्या गरिदिनुभयो । तपाईंहरूको शक्तिको अगाडि यिनीहरूको केही लागेन । यिनीहरूको पक्षमा बोलिदिने कोही भएनन् । बोल्नेहरूको पनि जिब्रो चुँडिदिनुभयो सुन्नेहरूको कान खोसिदिनुभयो । अनि बाँकी यिनीहरूको बोली र व्यवहार पनि अलि-अलि गर्दै पशुत्वमा बदलियो । यिनीहरूको मानिस मानिस जस्तो बनेर, नागरिक नागरिक जस्तो भएर र जनता जनता जस्तो ठानेर बाँच्ने अस्तित्व नै खतम गरिदिनुभयो, धूलोमा मिलाइदिनुभयो, माटोमा मिसाइदिनुभयो ।

कविता

# ऊ घाम भर्छ



✍ सागर फुयाल

ऊ हरेक दिन
रित्तो गाग्री बोकेर
घमाइलो ठाउँमा जान्छ
र भर्छ
कहिले प्रभाती नीला किरण
कहिले मध्याह्नका सेता किरण
कहिले साँझका सिन्दुरे किरण ।

नपोखियोस् छचल्किएर प्रकाश भनी
मखमलले ढाकेर गाग्रीको मुख
ऊ पस्छ उज्यालोको लेस नभएको आफ्नै
घरमा
र खन्याउँछ गाग्री
घाम छरेर उज्यालो पार्न कोठाहरू
तर सधैँझैँ अँध्यारो गाग्रीबाट
छरिन्छन्, बरू थपिन्छन् त्यसभित्रका अँधेरीहरू !
कहिले थाहा पाउने होला उसले
ओसारेर ओसार्न सकिँदैन
बोलाएर आउँदैनन् प्रकाशका उज्यालाहरू !

कहिले बुझ्ने होला उसले
खोलिदिए पुग्छ बन्द भएका झ्याल र ढोकाहरू
फोरिदिए पुग्छ भित्ताहरू र पर्खालहरू
हटाइदिए पुग्छ ढक्कन र तगाराहरू !
निमेषभर अलमल नगरी पस्नेछन् आफैँ
उज्यालो बोकेर घामका किरणहरू
घरका कोठा-कोठामा
मझेरी र चोटामा ।

# बाढीले मार्सीधानसहित बालीमा क्षति



कांक्रेविहार संवाददाता

जुम्ला, १९ असार

तातोपानी गाउँपालिका ६ मा बुधबार परेको अविरल वर्षापछि आएको बाढी-पहिरोले चार हेक्टरभन्दा बढी खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको छ। रावतबाडा, खंकबाडा र धौलापानी क्षेत्रका मार्सीधान, मकै, कोदो, फापर, सिमी तथा स्याउ खेती गरिएको जमिनमा बाढीले ठूलो असर गरेको हो।

स्थानीयका अनुसार पिपल ज्यूलो र धौलापानी ज्यूलोका मार्सीधान फल्ने फाँट बाढीले बगरमा परिणत गरेको छ। केही दिनअघि मात्रै धान रोपेका किसान खेत पुरिएपछि चिन्तित बनेका छन्।

स्याउ बगैँचा र अन्य रैथाने बालीमा समेत क्षति पुगेकाले यस वर्ष खाद्यान्न उत्पादनमा उल्लेखनीय गिरावट आउने अनुमान गरिएको छ।

स्थानीयबासीले २०७९ सालको विनाशकारी बाढी-पहिरोको सम्झना गराउने गरी यसपटक पनि ठूलो क्षति भएको बताएका छन्।

कृषि क्षेत्रमा व्यापक असर परेपछि तातोपानी गाउँपालिकाले राहत, उद्धार र पुनःस्थापनाका कामलाई प्राथमिकताका साथ अघि बढाएको जनाएको छ।

गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बिहीबार बिहानै प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरी कार्यपालिका बैठक बोलाएका थिए।

बैठकले क्षति पुगेका सिँचाइ कुलोको तत्काल मर्मतका लागि दुई लाख रुपैयाँ विनियोजन गर्ने निर्णय गरेको छ। अध्यक्ष चौलागाईंका अनुसार विपद्का बेला स्थानीयले सरकारको उपस्थितिको अनुभूति गर्न सकून् भन्ने उद्देश्यले तत्काल आवश्यक काम अघि बढाइएको हो। उनले वडा तहबाट पहल भए ढल निकास व्यवस्थापनका लागि पनि गाउँपालिकाले प्रतिबद्धता जनाए।

बाढीबाट भएको क्षतिको यथार्थ विवरण संकलन गर्न कृषि विकास शाखाको टोलीलाई स्थलगत अध्ययन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ।

सिँचाइ कुलो पुनःनिर्माण तथा मर्मतको काम शुक्रबारदेखि नै दुवै तर्फबाट सुरु गर्ने तयारी गरिएको गाउँपालिकाले जनाएको छ। वडा नम्बर ६ का अध्यक्ष विशाल खड्काका अनुसार बाढी-पहिरोका कारण चार हेक्टरभन्दा बढी रैथाने बाली लगाइएको जमिनमा क्षति पुगेको छ भने करिब १५० भन्दा बढी किसान प्रत्यक्ष प्रभावित भएका छन्। उनले भविष्यमा पनि यस्ता विपद्को जोखिम रहने भएकाले स्थानीयसँग समन्वय गरी दीर्घकालीन ढल निकास व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याए।

कृषि विकास शाखाले क्षतिको विस्तृत प्रतिवेदन बुझाएपछि प्रभावित किसानलाई राहत उपलब्ध गराउने विषयमा गाउँपालिकाले निर्णय गर्ने जनाएको छ। यसबीच, रोपिएका धान सुक्न नदिन सिँचाइ व्यवस्था तत्काल सञ्चालन गर्नुपर्ने भएकाले कुलो मर्मतलाई उच्च प्राथमिकता दिइएको छ।

बाढीबाट प्रभावित रावतबाडा, खंकबाडा र धौलापानीका किसानहरूले तत्काल राहत, पुनःस्थापना तथा दीर्घकालीन बाढी नियन्त्रणका कार्यक्रम सञ्चालन गर्न गाउँपालिकासँग माग गरेका छन्।

# सल्यानमा पत्र लेखन प्रतियोगिता



कांक्रेविहार संवाददाता

सल्यान, १९ असार

आधुनिक सूचना प्रविधिको विस्तारसँगै परम्परागत पत्र लेख्ने बानी हराउँदै गइरहेका बेला सल्यानमा विद्यार्थीहरूलाई हस्तलिखित पत्र लेखनतर्फ आकर्षित गर्ने उद्देश्यले पत्र लेखन प्रतियोगिता आयोजना गरिएको छ।

जिल्ला हुलाक कार्यालय सल्यानको आयोजनामा कपुरकोट गाउँपालिका चार किमुचौरस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा बिहीबार पत्र लेखन प्रतियोगिता तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो।

प्रतियोगितामा विद्यार्थीहरूले कागज र कलममार्फत आफ्ना भावना, विचार र सिर्जनात्मक अभिव्यक्तिलाई पत्रको माध्यमबाट प्रस्तुत गरेका थिए। विद्यालयका अनुसार प्रतियोगितामा कक्षा १० की विनिता राना प्रथम, कक्षा १२ की पूजा बस्नेत द्वितीय तथा कक्षा १२ की हेमा बस्नेत तृतीय भइन्। त्यसैगरी कक्षा आठकी मेनिशा सेन र कक्षा १२ की करिना महतरा सान्त्वना पुरस्कारबाट सम्मानित भए।

कार्यक्रममा जिल्ला हुलाक कार्यालय सल्यानका प्रमुख चिन्तामणि रेग्मीले सूचना प्रविधिको विकासले सन्देश आदान-प्रदानलाई सहज बनाएको भए पनि हस्तलिखित पत्रको आत्मीयता, संवेदनशीलता र भाषिक सौन्दर्यको विकल्प हुन नसक्ने बताए।

उनले विद्यार्थीहरूमा नेपाली भाषाप्रतिको रुचि, सिर्जनशील सोच र लेखन संस्कृतिको विकास गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा कपुरकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिनेश पौडेल, विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो।

सहभागीहरूले डिजिटल युगमा हस्तलेखन, साहित्यिक सिर्जना र नेपाली भाषाप्रतिको लगाव बढाउन यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने धारणा राखेका थिए।

उनीहरूका अनुसार यस्ता कार्यक्रमले विद्यार्थीको रचनात्मक क्षमता अभिवृद्धि गर्नुका साथै पत्र लेखनजस्तो सांस्कृतिक अभ्यासलाई पनि जीवन्त राख्न सहयोग पुग्नेछ।

# पानीका दुःखले छुटेको परिवार फेरि जोडिँदै



कांक्रेविहार संवाददाता

दैलेख, १९ असार

एक दिन बिराएर घरआगाडिको धारामा पानी आउँछ। पानी आउने दिन ८७ वर्षीय बालाराम थापा सानो गाग्री थापेर टोलाइरहन्छन्। बुढेसकालमा एक्लै बस्ने उनका लागि घरमा धारा आए पनि उनलाई कुनै उत्साह छैन। उनका लागि पानी बोकिदिने कोही छैन।

यही गाउँमा उनले एक गाग्री पानीका लागि डेढ घण्टासम्म हिँडेको, हिउँदमा रातभर पालो कुरेको र पानीकै अभावले आफ्नै छोराहरू गाउँ छाडेर बसाइँ सरेको अवस्था भोगेका छन्।

तर आज घरआगाडि धारा बगेको देख्दा लाग्छ, “यहाँ केवल पानीको धारा मात्र आएको होइन, अब गाउँमा छुटेको परिवार फेरि जोडिने नयाँ आशा पलाएको छ।”

भैरवी गाउँपालिका-१ मा वर्षौंसम्म खानेपानीको चरम अभाव भयो। हिउँद लागेपछि गाउँका अधिकांश मुहान सुक्थे। पानीकै दुःखले करिब ६० घरधुरी रहेको बस्तीबाट झन्डै ५० परिवार जलजले र सुर्खेततिर बसाइँ सर्न बाध्य भए। स्थानीय बालाराम थापाका पनि छोराहरू बसाइँ सरे तर उनले भने पुर्ख्यौली घर छाडेनन्। आफ्नै आँगनका बगैँचा, जन्मथलोप्रतिको मोहले उजलाई बरु पानीको दुःख नै सहन मन लाग्यो। गाउँलेले खानेपानीको समस्या समाधानका लागि करोडौं रुपैयाँ खर्चेर मझुवा खानेपानी आयोजना निर्माणमा हातेमालो गरे।

ग्रामीण विकास संस्थाले वर्षातको पानी सङ्कलन गर्न घैंटो निर्माण गरिदियो तर कुनै पनि प्रयास दीर्घकालीन हुन सकेन। अहिले ती पूर्वाधार जीर्ण बनेका छन्।

यही अवस्थाबिच २०७८ सालदेखि निर्माण सुरु भएको छामघाट-रावतकोट लिफ्टिङ खानेपानी आयोजना अहिले सम्पन्न हुने चरणमा पुगेको छ। करिब पाँच करोड बढीको लागतमा निर्माण भएको आयोजनाले भैरवी गाउँपालिका-१ का करिब पाँच सय घरधुरीमा खानेपानी पुऱ्याउने लक्ष्य राखेको छ।

खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय दैलेखका प्रमुख टोपेन्द्रसुन्दर मल्लले गाउँमा खानेपानीको अर्को भरपर्दो विकल्प नभएकाले लिफ्टिङ प्रणालीमार्फत आयोजना निर्माण गरिएको बताए। उनका अनुसार अधिकांश घरधुरीमा अहिले नियमित रूपमा खानेपानी पुगेको छ भने केही धारा जडानको काम मात्र बाँकी छ। पानीकै अभावले गाउँ छाडेका परिवार अहिले खेतीपातीका लागि पुर्ख्यौली गाउँ फर्किन थालेका छन्। अहिले १०-१२ घर मात्र स्थायी रूपमा रहेको यस ठाउँमा पानी आएपछि खेती गर्न बसाइँ गएकाहरू पनि गाउँ आउन थालेका छन्।

छामघाट-रावतकोट लिफ्टिङ खानेपानी उपभोक्ता समितिका अध्यक्ष खकेन्द्रबहादुर थापाले आयोजना सञ्चालनलाई दीर्घकालीन बनाउन प्रत्येक घरधुरीबाट मासिक एक सय रुपैयाँ सङ्कलन गरिएको बताए। उनका अनुसार पाँच सय घरधुरीबाट सङ्कलित रकम बैङ्कमा सुरक्षित राखिएको छ, उक्त रकम मर्मत, सञ्चालन र कर्मचारीको तलब व्यवस्थापन गरिने छ।

एक समय पानीको अभावले छुट्टिएको परिवार र रित्तिँदै गएको गाउँमा अहिले फेरि नयाँ आशा पलाउन थालेको छ। खेतबारीमा हरियाली फर्किँदै छ, पुर्ख्यौली घरमा मानिसको आउजाउ बढ्न थालेको छ तर विगतमा असफल भएका खानेपानी आयोजना र जलवायु परिवर्तनको बढ्दो असरले गाउँलेहरू अझै ढुक्क हुन सकेका छैनन्। उनीहरूका लागि घर घरमा बगेको यो धारा केवल खानेपानीको सुविधा होइन, गाउँको भविष्य टिकाइराख्ने अन्तिम भरोसा पनि हो।

भैरवी गाउँपालिकाका अध्यक्ष रीताकुमारी शाहीले खानेपानी आयोजना निर्माण भएपछि गाउँका महिला दिदीबहिनीलाई अझै सुविधा भएको बताइन्।

# पुनर्निर्माण नहुँदा त्रिपालले ढाकियो दरबार

कांक्रेविहार संवाददाता

दैलेख, १९ असार

ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको दैलेखको पौवा दरबारको पुनर्निर्माण कार्य समयमै हुन नसक्दा त्रिपालले छोपेर संरक्षण गरिएको छ।

करोडौं मूल्य बराबरको यस ऐतिहासिक पौवा दरबारलाई मनसुनजन्य प्रकोप तथा वर्षाबाट थप क्षति हुन नदिन त्रिपालले ढाकिएको हो।

दुल्लु नगरपालिका-८, पादुकामा रहेको उक्त दरबारको पछिल्लो समयमा छाना चुहिन थालेको थियो। स्थानीयवासीले ऐतिहासिक सम्पदाको संरक्षणमा सम्बन्धित निकाय गम्भीर नबनेको आरोप लगाएका छन्। सम्बन्धित निकायले चासो नदिँदा पौवा दरबारदेखि सङ्ग्रहालय जीर्ण बन्दै गएको दुल्लु नगरपालिका-७ का स्थानीय भागवत हमालले बताए।



उनले यो दरबार ऐतिहासिक तथा पुरातात्विक हिसाबले निकै महत्वपूर्ण बोकेको पौवा दरबार संरक्षण नगरे अस्तित्व गुम्ने खतरा बढेको जनाए। उनले पौवा दरबारको दीर्घकालीन संरक्षणका लागि स्थानीय, सङ्घ, प्रदेश सरकार र सम्बन्धित निकायले तत्काल आवश्यक बजेट व्यवस्थापन गरी दरबार संरक्षण गर्न माग गरे।

पौवा दरबार दुल्लुको पहिचान र ऐतिहासिक सम्पदा भएकाले यसको संरक्षण आवश्यक रहेको दुल्लु नगरपालिकाका प्रमुख भरत रिजालले बताए।

उनले कर्णाली प्रदेश सरकार अन्तर्गत डिभिजन वन कार्यालयमार्फत आर्थिक वर्ष २०८१/८२ मा करिब ६० लाख रुपैयाँको लागतमा दरबार संरक्षण तथा मर्मतका लागि ठेक्का लगाएको पनि काम सुरु नभएपछि भवन थप जीर्ण बन्दै गएको बताए। उहाँले अहिले पुनः करिब १५ लाख रुपैयाँको मर्मत योजना अघि बढाइएको भए पनि संरक्षणको काम हुन नसकेको जनाए।

डिजिटल युगको विश्वसनीय आवाज
www .kankrebihar .com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# झोलुङ्गे पुलले जोड्दै गाउँबस्ती

कान्क्रेविहार संवाददाता
सुर्खेत, १९ असार

कर्णालीका अति विकट र भौगोलिक रूपले पनि दुर्गम मानिएका गाउँबस्तीलाई ध्यानमा राख्दै सरकारले झोलुङ्गे पुल निर्माण गर्ने भएपछि खोलावारि र पारिका बस्ती अब जोडिने भएका छन्। कर्णाली प्रदेशभर १२२ वटा झोलुङ्गे पुल निर्माण गरिने भएको छ। प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम र बजेटमा समेटेको उक्त योजना कार्यान्वयन गर्न लागिएको हो।

पर्यटकीय महत्व भएका स्थान तथा सडक नपुगेका स्थानमा जनजीवन सहज बनाउन झोलुङ्गे पुल निर्माण गर्न लागिएको आर्थिक मामिला तथा योजनामन्त्री राजीवविक्रम शाहले बताए। पुल निर्माणका लागि ३६ करोड ७५ लाख बजेट विनियोजन गरिएको छ। सङ्घ र स्थानीय तहसँग सहकार्य गरी आधा घण्टाको हिँडाइ अर्थात् दुरीभित्र पहुँच सुविधा पुऱ्याउने लक्ष्य राखिएको छ।

अहिलेसम्म कम्तीमा प्रत्येक आधा घण्टामा स्थानीयका लागि पुलको सुविधा हुने गरी निर्माण गरिरहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताए। सरकारले एक घण्टाको फेरो (पैदल यात्रा गर्ने दुरी) मा झोलुङ्गे पुल हुनुपर्ने मापदण्ड परिवर्तन गरेर अहिले आधा घण्टामा हुने गरी बनाएको छ। नागरिकले सजिलै र छिटो सेवा सुविधा पाउनुपर्ने मान्यताका आधारमा पुल निर्माण गर्ने गरिएको उनको भनाइ छ।

दुर्गम स्थानका नागरिकलाई आवतजावतका लागि बनाइएका आकर्षक झोलुङ्गे पुल पछिल्लो समय पर्यटन प्रवर्धनको माध्यमसमेत बन्दै गएको छ।

प्रदेश सरकारले प्रत्येक वर्ष पुल निर्माण गरिरहेको छ। प्रदेश सरकार, सङ्घीय ससर्त अनुदानमार्फत कर्णाली प्रदेशका १० जिल्लामा पुल निर्माण भइरहेका छन्। सरकारले चालु आवमा ४२ वटा झोलुङ्गे पुल निर्माण गरेको छ। आव २०८१/८२ मा ५६ वटा, २०८०/८१ मा २७ वटा, त्यसै गरी आव २०७८/७९ मा ७७ वटा र २०७९/८० मा १०७ वटा झोलुङ्गे पुल निर्माण गरिएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ।

## सूचनामूलक सन्देश

- शारदा नगरपालिकाले "हरित, समृद्ध र दिगो शारदा" निर्माण गर्ने दीर्घकालीन लक्ष्यलाई व्यवहारमा उतार्दै विकास निर्माणका कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगेको छ। नगरवासीको जीवनस्तर उकास्ने उद्देश्यका साथ कृषि, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, पर्यटन, वातावरण संरक्षण तथा रोजगारी सिर्जनासँग सम्बन्धित विभिन्न कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गरिएको छ।
- नगरपालिकाले ग्रामीण तथा सहरी क्षेत्रलाई जोड्ने सडक सञ्जाल विस्तार, खानेपानी योजनाको स्तरोन्नति, विद्यालय तथा स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकास, सार्वजनिक भवन निर्माण र विपद् जोखिम न्यूनीकरणका योजनाहरूलाई तीव्रता दिएको जनाएको छ। यसले स्थानीय नागरिकलाई सहज सेवा प्रवाहका साथै आर्थिक गतिविधि विस्तारमा समेत टेवा पुऱ्याइरहेको छ।
- कृषि क्षेत्रलाई नगरको आर्थिक मेरुदण्डका रूपमा विकास गर्ने लक्ष्यअनुसार आधुनिक खेती प्रणाली, व्यावसायिक पशुपालन, फलफूल तथा तरकारी उत्पादन, सिँचाइ सुविधा विस्तार र किसान लक्षित अनुदान कार्यक्रम सञ्चालन भइरहेका छन्। युवा उद्यमशीलतालाई प्रोत्साहन गर्ने उद्देश्यले सीपमूलक तालिम, स्वरोजगार कार्यक्रम र सहकारीमार्फत आयआर्जनका अवसरहरू सिर्जना गर्ने कार्य पनि अघि बढाइएको छ।
- वातावरण संरक्षणलाई उच्च प्राथमिकतामा राख्दै नगरपालिकाले वृक्षारोपण अभियान, फोहोर व्यवस्थापन, सरसफाइ कार्यक्रम, जलस्रोत संरक्षण तथा हरियाली प्रवर्द्धनका अभियानलाई समुदायको सहभागितामा सञ्चालन गरिरहेको छ। जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै प्राकृतिक स्रोतहरूको दिगो उपयोगमा पनि विशेष ध्यान दिइएको छ।
- शिक्षा क्षेत्रमा गुणस्तरीय सिकाइ वातावरण निर्माण, सूचना प्रविधिको प्रयोग, शिक्षक क्षमता अभिवृद्धि तथा विद्यालय पूर्वाधार सुधारका कार्यक्रम सञ्चालन भइरहेका छन्। स्वास्थ्य क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा सुदृढीकरण, सुरक्षित मातृत्व, खोप अभियान, पोषण सुधार तथा नियमित स्वास्थ्य शिविरमार्फत नागरिकलाई सहज सेवा उपलब्ध गराइँदै आएको छ।
- नगरपालिकाले पारदर्शी, उत्तरदायी र प्रविधिमैत्री सेवा प्रवाहलाई संस्थागत गर्दै डिजिटल प्रशासन, अनलाइन सेवा विस्तार, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सहभागितालाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरेको छ। विकास निर्माणका प्रत्येक चरणमा नागरिकको सुझाव र सहभागितालाई महत्व दिइएको छ।
- प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न शारदा नगरपालिकामा पर्यटन प्रवर्द्धनका सम्भावनालाई समेत प्राथमिकतामा राखिएको छ। ऐतिहासिक, धार्मिक तथा प्राकृतिक स्थलहरूको संरक्षण, प्रचारप्रसार र पूर्वाधार विकासमार्फत आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने योजनाहरू अघि बढाइएका छन्।
- शारदा नगरपालिका आगामी दिनमा पनि सुशासन, समावेशी विकास, हरित वातावरण, आर्थिक समृद्धि र गुणस्तरीय सार्वजनिक सेवा प्रवाहलाई केन्द्रमा राख्दै समृद्ध नगर निर्माणको यात्रालाई अझ प्रभावकारी रूपमा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

**शारदा नगरपालिका**
सल्यान, कर्णाली प्रदेश, नेपाल

## लोकसेवाको सपना बोकेकी सृजनाः

# जसको यात्रा कर्णालीको दुर्घटनाले अधुरै बनायो





कान्क्रेविहार संवाददाता
कालीकोट, १९ असार

कर्णालीका दुर्गम गाउँहरूमा धेरै युवायुवतीका सपना सङ्घर्षका बीच हुर्किन्छन्। कोही उच्च शिक्षा हासिल गर्ने सपना देख्छन्, कोही राष्ट्रसेवामा लागेर समाज बदल्ने अठोट गर्छन्। यस्तै उज्ज्वल सपना बोकेकी एक युवती थिइन्– सृजना खड्का। लोकसेवा आयोगको तयारीमा जुटेकी सृजना परिवार र समाजको आशाको केन्द्र बनेकी थिइन्।

उनका दिनहरू किताबका पानासँग बित्थे। बिहानदेखि बेलुकासम्म अध्ययन, मेहनत र सफल भविष्यको योजनामा केन्द्रित जीवन थियो। परिवारको सपना थियो– एक दिन छोरी सरकारी सेवामा नाम निकालेर गाउँ र जिल्लाको गौरव बन्नेछिन्। आफन्त र साथीभाइले पनि उनको लगनशीलताको प्रशंसा गर्थे।

तर, नियतिले अर्कै निर्णय गरिदियो। बिहीबार कर्णाली राजमार्गको दैलेखस्थित चामुण्डाबिन्द्रासैनी नगरपालिका–७को साङ्गेतडामा भएको सवारी दुर्घटनाले उनको जीवनयात्रा नै रोकिदियो। उनी सवार गाडी दुर्घटना भई नदीमा बेपत्ता भएपछि परिवार मात्र होइन, उनलाई चिन्ने सबै स्तब्ध बनेका छन्। लोकसेवाको परीक्षा दिने तयारीमा रहेकी एक होनहार युवतीको सपना कर्णाली नदीको भेलसँगै बगेको छ।

कर्णालीमा हुने यस्ता दुर्घटना नयाँ होइनन्। साँघुरा सडक, जोखिमपूर्ण यात्रा र पर्याप्त सुरक्षा व्यवस्थाको अभावले हरेक वर्ष कैयौँ परिवारले आफ्ना प्रियजन गुमाइरहेका छन्। यस पटक भने एउटा परिवारको मात्रै होइन, एउटा उज्ज्वल भविष्य, एउटा राष्ट्रसेवक बन्ने सपना र परिवार तथा समाजले अपेक्षा गरेको सम्भावना पनि दुर्घटनासँगै हराएको छ। घटनास्थलमा जीवितै भेटिने आशा क्षीण बन्दै गएको छ, तर मृत शरीर भए पनि देखेर अन्तिम बिदाइ गर्न गाउँले नै नदी किनार पुगेका छन्। जेठाबुबा नाता पर्ने चरित्र खड्काले भने, "जीवित देख्ने आशा त मरिसकेको छ। गोताखोरले लगातार खोजिरहेका छन् तर शव भेटिएको छैन। हामीले पनि आशा मारिसकेका छौँ। सृजनाका आमाबुबा विक्षिप्त छन्।

उनीहरूलाई सम्हालिन भनिरहेका छौँ, अर्कोतर्फ गोताखोरलाई निहालिरहेका छौँ। अहिलेसम्म कुनै आशा जागेको छैन।"

आज उनको कोठामा रहेका किताबहरू मौन छन्। नोटबुकका पानाहरूमा कोरिएका लक्ष्यहरू अपूरा बनेका छन्। लोकसेवाको तयारीका लागि बनाइएका योजनाहरू अब सम्झनामा मात्रै सीमित भएका छन्। उनको सफलताको प्रतीक्षामा रहेका अभिभावकका आँखामा अहिले आँसु मात्र बाँकी छन्। कर्णालीका सडकहरू विकासको प्रतीक बन्नुपर्ने हो, तर बारम्बार यिनै सडकहरूले असंख्य सपना चुँडाइरहेका छन्। बुबा धनबहादुर खड्का र आमा नान्सरा खड्काकी पहिलो छोरी सृजनाकै भरोसामा पाँच जना बहिनी र एक जना भाइ थिए।

उनीहरूको पनि सहारा गुमेको छ भने आमाबुबाको खम्बा ढलेको छ। कक्षा १२ उत्तीर्ण गरेर आयोगको तयारी गरिरहेकी सृजनाले फरेस्ट्री (वानिकी) पनि अध्ययन गरेकी थिइन्। ६ जना भाइबहिनी र आमाबुबाको आशाको दियो कर्णालीको धमिलो भेलले निभाएको छ। यो घटना केवल एक व्यक्तिको दुःखद अन्त्य होइन, सुरक्षित यातायात, प्रभावकारी पूर्वाधार र जिम्मेवार व्यवस्थापनको आवश्यकता स्मरण गराउने पीडादायी सन्देश पनि हो। आज सबैले एउटै प्रश्न गरिरहेका छन्, "अब कर्णालीले अझै कति सपना खोस्ने?"

बिहीबार कर्णाली प्रदेश ०३–००१ ख १०५५ नम्बरको गाडी सडकबाट करिब पाँच सय मिटर तल नदीमा खसेर बेपत्ता भएको हो। यसमा यात्रारत सृजना पनि बेपत्ता छन्। गाडीमा कति यात्रु थिए भन्नेबारे फरक–फरक कुरा आए पनि प्रहरीका अनुसार दुर्घटनामा परेको गाडीमा पाँच जना यात्रु तथा चालक र सहचालक गरी सात जना सवार थिए।




कान्क्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर–६, सुर्खेत, फोनः ०८३–५२०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)